प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

# आदेश

मु.नं. ६१३/२०७२/०७३

निर्णय नं. ८१२

गोदावरी नगरपालिका वडा नं. ८, ललितपुर बस्ने मुकुन्द पहरी समेत ........................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, पथ प्रदर्शक प्रस्तावित मा.वि., गोदावरी नगरपालिका वडा नं. ८ ललितपुर...१ विपक्षी
सूचना अधिकारी, पथ प्रदर्शक प्रस्तावित मा.वि., गोदावरी नगरपालिका वडा नं. ८ ललितपुर...१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

गोदावरी नगरपालिका वडा नं. ८, ललितपुर बस्ने मुकुन्द पहरी समेतले पथ प्रदर्शक प्रस्तावित मा.वि., गोदावरी नगरपालिका वडा नं. ८ ललितपुर समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।११।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी पथ प्रदर्शक प्रस्तावित मा.वि., गोदावरी नगरपालिका वडा नं. ८ ललितपुरका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएंको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. त्यस विद्यालयको गत आ.व. २०७१।०७२ देखि चालु आ.व. को पौष मसान्तसम्म १८ महिनाको बैंकमा रहेको रकम ।

२. त्यस विद्यालयको स्वर्ण जयन्ती कार्यक्रम मनाउदा भएको सम्पूर्ण आम्दानी/सहयोगको विवरण र उद्घाटन तथा समापन सत्रमा भएको वास्तविक खर्चको स्वीकृत बिल भर्पाई सहितको प्रमाणित प्रतिलिपि ।

३. महाभुकम्प २०७२ पश्चात त्यस विद्यालयमा कुन कुन सरकारी निकाय, संघसंस्था तथा व्यक्तिबाट कुन कुन प्रयोजनको लागि के के शीर्षकमा के कति सहयोग प्राप्त भएको हो ? सो सहयोग के के शीर्षकमा खर्च गरियो ? सो को स्वीकृत बिल भर्पाईहरुको प्रमाणित प्रतिलिपि ।

४. त्यस विद्यालयमा गत शैक्षिक सत्र २०७१ र चालु शैक्षिक सत्र २०७२ मा के के शीर्षकमा कति छात्रवृत्ति रकम प्राप्त भएको छ ? सो छात्रवृत्ति बापतको रकम कुन कुन विद्यार्थीलाई प्रदान गरिएको छ ? सो छात्रवृत्ति रकम वितरण गरिएको भरपाईको प्रमाणित प्रतिलिपि ।

५. त्यस विद्यालयको परिसरबाट माटो बिक्री गरेको र रुखहरु कटान गरी बेचेको भन्ने जानकारी आएकोले सो बापत कति रकम विद्यालयलाई आम्दानी भएको छ ? के प्रक्रियाले कुन दररेटमा कसलाई माटो तथा रुख बेच्ने भनी कसले निर्णय गरको हो ? माटो तथा रुख बेच्ने भनी विद्यालय व्यबस्थापन समितिले गरेको निर्णयको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।